# कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यबिधि, २०७३

(प्रथम संशोधन, २०७४)

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

## कृषि ईन्जिनियरिङ्ग निर्देशनालय

हरिहरभवन, ललितपुर

२०७४

# कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यबिधि, २०७३

## (प्रथम संशोधन, २०७४)

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

**पृष्ठभूमी**

कृषि प्रधान देश भईकन पनि यहाँको कृषि प्रणालीमा हालसम्म न्यून मात्रामा कृषि यन्त्र उपकरणहरुको प्रयोग भएको पाईन्छ । तसर्थ कृषि पेशालाई आधुनिकरण गरी व्यवसायिक एवम् प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रीकरण गर्न आवश्यक देखी "कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१" लागू रहेको छ ।

आर्थिक वर्ष २०७३/०७४ देखि कृषि विकास मन्त्रालयबाट मुलुकभर यान्त्रीकरण पद्दती कम अपनाईएका जिल्लाहरुमा वाली अनुसार खेत तयारी (Land Preparation) देखि चुटानी (Threshing) सम्म र मत्स्यमा प्रयोग हुने औजार उपकरणहरु सेटमा सीमान्तकृत कृषकहरुको पहुँच बढाउन निश्चित अवधिका लागि अनुदानको व्यवस्था गर्न साना हाते ट्रेक्टर र कम अश्वशक्तिका चार पांग्रे ट्रेक्टर र त्यसमा प्रयोग हुने कृषि यन्त्र तथा उपकरणहरु अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले नेपाल सरकार, कृषि विकास मन्त्रालयलले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यबिधि, २०७३ जारी भएको छ । चालु आ.व.देखि अनुदानग्राहीकै खातामा अनुदान भुक्तानी गर्नु पर्ने व्यवस्था भएकोले स्वीकृत कार्यविधिको केही बुँदाहरु संशोधन सहित कृषि यान्त्रीकरण परिचालन कार्यविधि, २०७३ प्रथम संशोधन तयार गरिएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "**कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यबिधि, २०७३**, प्रथम संशोधन " रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कृषि यन्त्र उपकरण" भन्नाले यस कार्यविधिको अनुसूचि-२ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई सम्झनु पर्छ ।

(ख) "सेट" भन्नाले यस कार्यविधिको अनुसूचि-२ मा उल्लेख गरिए बमोजिमका दुई वा दुई भन्दा बढी यन्त्र उपकरणहरुलाई सम्झनु पर्छ ।

[१](ग) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषि व्यवसाय गर्ने उदेश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएको कृषक समुह, कृषि सहकारी, नीजि फर्म, कृषि उद्यमी संस्थालाई सम्झनु पर्छ ।

[-१](घ) ......................................x

---

[१] पहिलो संशोधनद्वारा संशोधित ।

[-१] पहिलो संशोधनद्वारा हटाइएको ।

सचिव

(ङ) "निर्देशनालय" भन्नाले कृषि विभाग अन्तर्गतको कृषि ईन्जिनियरिङ्ग निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

(च) "आपुर्तिकर्ता" भन्नाले अनुसूचि-२ मा उल्लेखित कृषि यन्त्र उपकरणहरु उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट, डिलर आदिलाई सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले यसै कार्यविधिको दफा १० मा उल्लेखित समितिलाई सम्झनु पर्दछ ।

३. **कार्यक्रम संचालनको उद्देश्यः** यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

[१](क) खाद्यान्न बाली, तरकारी बाली र फलफूल उत्पादनमा यान्त्रीकरण गर्न सहयोग पुऱ्याउने

(ख) प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

(ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने गराउने ।

(घ) कृषिलाई आधुनिकीरण, व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

## परिच्छेद–२
## कार्यक्रम संचालन

४. **जिल्ला तथा बाली छनौटः** कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:–

[१](क) मुलुक भरिमा यान्त्रीकरणको प्रभावकारीता, यान्त्रीकरण पद्यती कम अपनाईएका जिल्लाहरु र गत आ.व.हरुमा यस निर्देशनालयको अनुदान प्रवाह कम भएका जिल्लाहरुलाई प्राथमिकता दिईने छ ।

[१](ख) खाद्यान्न बाली, तरकारी बाली र फलफूल उत्पादन गर्ने प्रमुख उदेश्य लिएको,

(ग) विगत आर्थिक वर्षमा गरेको कार्यसम्पादन अनुभबको आधारमा माग र आबश्यकता हेरी बाली, जिल्ला, कृषि यन्त्र उपकरणमा थप घट गर्न सकिने,

५. **प्रस्ताव माग गर्नेः**(१) निर्देशनालयले कृषि यन्त्र उपकरणहरुको आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुलाई सिलबन्दी प्रस्ताव पेश गर्न ३० दिने म्याद दिई राष्ट्रिय पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसूची १(क) बमोजिमका कागजातहरु, अनुसूची २ बमोजिमका आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको विवरण र अनुसूची-३ अनुसारको निवेदन/विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको प्रस्ताव उपदफा (१) बमोजिमको म्याद भित्र निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(४) प्रस्ताव साथ अनुसूची-३ को बुँदा १० मा पेश गरेको एक आ.ब.मा आपुर्ति गर्न सक्ने रकमको २.५% बराबरको सोही आ.ब.को अषाढ मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी वा सो बराबरको रकम यस निर्देशनालयले तोकेको खातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

---

[१] पहिलो संशोधनद्वारा संशोधित ।



सचिव

६. <u>प्रस्ताव मूल्यांकनका आधार</u> : (१) दफा ५ बमोजिम पर्न आएका प्रस्तावहरुको वित्तिय मूल्याङ्कनको लागि ३५ अंक भार र प्राविधिक मुल्यांकनको लागि ६५ अंक भार मानी कुल १०० अंक भारमा मूल्यांकन गरिने छ ।

(२) उपदफा (१) बमोजिम मूल्यांङ्कन गर्दा ६० अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा कृषि यन्त्र उपकरण आपूर्तिकर्ता गर्न छनौट गरिने छ ।

७. <u>मूल्यांकन गर्ने अवधि</u> : यस कार्यबिधि बमोजिम पर्न आएका प्रस्तावहरु समितिले दफा ५ को उपदफा (१) को अवधि समाप्त भएको मितिले ३० दिन भित्र मूल्यांकन गरी तिन दिन भित्र निदेशनालयलाई जानकारी दिनु पर्नेछ ।

८. <u>मूल्यांकनको जानकारी गराउनु पर्ने</u> : (१) दफा ७ बमोजिम भएको मूल्यांकनको परिणाम प्राप्त भएको भोली पल्ट निर्देशनालयले आपूर्तिकर्ता, सरोकारवाला र अन्य सर्वसाधारणको जानकारीको लागि निर्देशनालयमा सूचना टाँस गर्नु पर्ने छ ।

[१](२) उपदफा (१) बमोजिम प्रकाशित परिणामको जानकारी यथाशिघ्र प्राप्त गर्ने गरी छिटो साधन जस्तै : फ्याक्स, इमेल वा यस्तै विद्युतीय माध्यमवाट तीन दिनभित्र जिल्ला कृषि विकास कार्यालयहरु/स्थानिय तहको कृषि हेर्ने निकायमा पठाउनु पर्नेछ ।

९. <u>निवेदन माग गर्ने</u> : (१) यस कार्यबिधि बमोजिम कृषि यन्त्र उपकरणहरु सेटमा अनुदान लिन चाहने कृषक उपभोक्ताका लागि निवेदन दिन १५ दिनको स्याद दिई निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी निवेदन माग गर्न सक्नेछ ।

[१](२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले अनुसूची १(ख) वा (ग) बमोजिमका कागजातहरु प्रमाण संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा दिइएको म्याद भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा निवेदन दिनु पर्नेछ ।

[१](३) जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले उपदफा (२) वमोजिम प्राप्त हुन आएका निवेदनको छानविन गरी ७ दिनभित्र टुङ्गो लगाई ३ दिनभित्र निर्देशनालयलाई संक्षिप्त विवरण तयार पारी जानकारी गराउनु पर्नेछ ।

१०. <u>छनौट समिति</u> : (१) यस कार्यबिधि बमोजिमको कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको छनौट गर्न देहाय वमोजिमको समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | कार्यक्रम निर्देशक, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | अध्यक्ष |
| (ख) | शाखा प्रमुख वा प्रतिनिधी, योजना शाखा, कृषि विभाग | सदस्य |
| (ग) | खरिद इकाई प्रमुख, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य |
| (घ) | महाशाखा प्रमुख वा प्रतिनिधी, कृषि ईन्जिनियरिङ्ग महाशाखा, कृ.अ.प. | सदस्य |
| (ङ) | शाखा प्रमुख, कृषि यान्त्रीकरण शाखा, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

सचिव

११. <u>छनौट समितिको काम, कर्तब्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता भएका सिलवन्दी प्रस्तावहरु प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा खोल्ने ।

(ख) आपुर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(ग) छनौट भएका आपुर्तिकर्ताले अनुसूची-२ अनुसार प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम (Type), क्षमता (Capacity/Horse Power), मोडेल (Model), ब्राण्ड (Brand) र अन्य स्पेशिफिकेसनको (Specification) आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समुहमा सबै भन्दा न्यूनतम् मुल्यलाई (Lowest Rate) आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

[१](ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली, उपलव्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु निर्देशनालय मार्फत सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरु /स्थानिय तहको कृषि हेर्ने निकायलाई औपचारिक जानकारी दिने ।

[१](च) जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायबाट प्राप्त संक्षिप्त विवरणलाई अध्ययन गरी प्रभाबकारीता, यान्त्रीकरणको आवश्यकता र यान्त्रीकरण पद्यती कम अपनाईएका जिल्लाहरुलाई प्राथमिकता दिई जिल्ला कृषि विकास कार्यालयहरु /स्थानिय तहको कृषि हेर्ने निकाय मार्फत उपभोक्तहरुले माग गरेको यन्त्र उपकरणको परिमाण र स्वीकृत बार्षिक बजेट अनुसार जिल्लागत कोटा, अनुदान रकम एकिन गर्ने । सो र्काय अन्तिम प्राप्त भएको मितिले १५ दिन भित्र सम्पन्न गर्ने ।

(छ) उपदफा (ख) अनुसार छनौट भएका आपूर्तीकर्ता र निर्देशनालय विच सम्फौता गर्न सिफारिस गर्ने ।

[१](ज) कृषि विभाग, निर्देशनालय, जिल्ला कृषि विकास कार्यालयहरु/स्थानिय तहको कृषि हेर्ने निकायलाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाव दिने ।

[१]१२. <u>जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायको काम कर्तब्य र अधिकार</u> : सम्वन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायको काम, कर्तब्य, अधिकार र जिम्मेवारी देहाय वमोजिमको हुनेछ ।

(क) दफा ११ (ङ) अनुसार पठाईएको विवरणहरु सेटमा कृषि यन्त्र उपकरणहरु अनुदानमा लिन ईच्छुक उपभोक्तालाई औपचारिक जानकारी गराउन कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ख) दफा ९ अनुसार दर्ता भएका निवेदनहरुमा अनुसुची १(ख) वा (ग) अनुसार संलग्न कागजातहरु अध्ययन गरी सम्पुर्ण मापदण्ड पुगेका उपभोक्ताको सेटमा लिन चाहेका यन्त्र उपकरणहरुका आपुतिकर्ता, मोडेल (Model), ब्राण्ड (Brand) र न्यूनतम् मुल्य (Lowest Rate) अनुसारको संक्षिप्त विवरण तयार गरी १० दिन भित्र छिटो साधन मार्फत निर्देशनालयमा पठाउनु पर्ने छ ।



सचिव

(ग). प्राप्त जिल्लागत कोटा अनुदान रकमलाई आधार मानी सम्भव भए सम्म माग गर्ने सबै उपभोक्तालाई सिफारिस गर्ने र स्वयम् नपुग भएमा अति आवश्यकलाई प्राथमिकता दिन सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले छनौटको मापदण्ड बनाई उपभोक्ताको माग अनुसारको आपूतिकर्तालाई अनुसूचि-५ भरी सेटमा कृषि यन्त्र उपकरण आपूर्तिको लागि सिफारिस गर्नु पर्ने छ । जिल्लागत कोटा, अनुदान रकम भन्दा बढी सिफारिस गरेमा स्वयम् कार्यालय नै जिम्मेबार र जवाफदेही हुनेछ ।

(घ) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएकोलाई मात्र सिफारीस हुनु पर्नेछ ।

(ङ) कृषि यन्त्र उपकरणहरु अनुदान कार्यको नियमित निरिक्षण गर्ने र उपभोक्ताले कृषि यन्त्र उपकरणहरु अनुदानमा प्राप्त भए पछि अनुदान रकम भुक्तानी आवेदन फाराम अनुसूचि–६ बमोजिम सिफारिस गर्नु पर्नेछ ।

१३. <u>आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरुः</u> कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(क) उपभोक्तालाई सेटमा मात्र कृषि यन्त्र उपकरण उपलब्ध गराउनु पर्नेछ ।

(ख) प्रस्ताब छनौट समितिबाट स्वीकृत जिल्लागत अनुदान रकम भन्दा बढी कृषि यन्त्र उपकरणहरु विक्री गरेमा वढी विक्री गरिएको कृषि यन्त्र उपकरणहरुमा अनुदान दिइने छैन सो को जिम्मेवार आपुर्तिकर्ता स्वयम् नै हुने छ ।

(ग) छनौट भएका आपुतिकर्ताहरु र सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले जिल्लागत अनुदान रकम अनुसार कै परिमाणमा मात्र अनुदानको यन्त्र उपकरणहरु उपलब्ध गराउनु पर्ने छ ।

(घ) अनुदान लिने उपभोक्तालाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्वन्धी तालिमको व्यवस्था गर्नु पर्ने छ ।

(ङ) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि व्यापक प्रचार प्रसार गर्नु पर्ने छ ।

(च) अनुदानमा वितरित कृषि यन्त्र उपकरणहरुमा अनुसूचि-९ को ढांचा अनुसार प्रिन्ट वा प्लेटमा लेखि अनिवार्य टाँस गर्नु पर्ने छ ।

१४. <u>उपभोक्तले पालन गर्नुपर्ने शर्तहरुः</u> कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(क) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्ने छ ।

(ख) उपभोक्ताले सेटमा मात्र कृषि यन्त्र उपकरण अनुदान पाउने छन ।

-[१](ग) ........................................................................x

[१](घ) अनुसूची १ (ख) वा (ग) अनुसारको कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ ।

-[१](ङ) ........................................................................x

-[१](ङ)..........................................................x

(च) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

सचिव

(छ) जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायको अनुसूचि-५ अनुसार आपूतिकर्ता सिफारिस र सिफारिस गरिएका सेटमा कृषि यन्त्र उपकरणहरु लिन आपुतिकर्तालाई अनुसूचि–१ मा उल्लेखित कागजात र अनुसूचि-४, प्रारम्भिक छनौटको फारम र अनुसूची ८ अनुसार सम्झौता गरी अनुदान घटाई बाँकी रकम तिरी सेटमा कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ ।

+[1](ज) अनुसूची ८ अनुसार भएको सम्झौता बमोजिम उपभोक्ताले यस निर्देशनालयबाट प्राप्त गरेको अनुदान रकम आपूर्तिकर्तालाई भूक्तानी गर्नु पर्ने छ ।

+[1](झ) दफा १४ (ज) अनुसार उपभोक्ताले समयमा आपूर्तीकर्तालाई अनुदान बापत पाएको रकम भूक्तानी नदिएमा, आपूर्तीकर्ताले उपलब्ध गराएको यन्त्र औजार, उपकरण फिर्ता लिई यस निर्देशनालयमा जानकारी गराउनु पर्ने छ । सो अवस्थामा निर्देशनालयले प्रचलित कानून बमोजिम असूल उपर गर्न सकिने छ ।

१५. <u>अनुदान प्रवाह विधि:</u> अनुदान प्रवाह विधि देहाय वमोजिम हुने छ ।

[1](क) जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले सिफारीस गरेका उपभोक्तालाई सेटमा कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा अनुसूची ८ अनुसार सम्झौता गरी तोकिएको अनुदान घटाई बाँकी रकम लिई सिफारीस गरिएका आपुतिकर्ताले उपलब्ध गराउने छ ।

[1](ख) अनुदानमा कृषि यन्त्र उपकरणहरु आपूर्तीकर्ताले उपभोक्तालाई उपलब्ध गराईसकेपछि सम्वन्धित आपुतिकर्ताले अनुसूचि–४ बमोजिमको उपभोक्ताको निवेदन र फाराम, अनुसूचि–५ बमोजिमको जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायको सिफारीस, अनुसूचि–६ बमोजिमको अनुदान रकम भुक्तानी आवेदन फाराम, र अनुसूचि–१ बमोजिमका कागजातहरु, अनुसूची ७ अनुसारको उपभोक्ताले भूक्तानी माग गरेको निवेदन, अनुसूची ८ अनुसार उपभोक्ता र आपूर्तीकर्ता बिचको सम्झौता पत्र र विक्रिको विल विजक, कृषि यन्त्र उपकरणहरु बुझेको भरपाई समेत राखि निर्देशनालयमा अनुदानको रकम उपभोक्ताको खातामा भूक्तानी हुने गरी सोधभर्ना माग गर्ने छ ।

[1](ग) आपूर्तीकर्ताबाट प्राप्त कागजातहरु निर्देशनालयको सम्बन्धित प्राबिधिकबाट जाँच गरी सिफारिसको आधारमा अनुदान रकम नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वित्तिय संस्थामा उपभोक्ताको खातामा भुक्तानी गर्ने छ । भुक्तानी गर्दा नेपाल सरकारले तोके अनुसार कर विजकको १.५% अग्रीम आय कर कट्टी गर्ने छ ।

-[1](घ) ..........................................x

(ङ) आपूर्तीकर्ताले प्रस्ताव साथ पेश गरेको २.५% बराबरको बैक ग्यारेन्टी वा सो बराबरको रकम सोही आ.ब.को अषाढ मसान्त पछि फुकुवा गरिने छ ।

(च) कृषि यन्त्र उपकरणहरुमा दिइने अनुदान छनौट समितिले तोके अनुसार हुने छ ।

१६. <u>अनुगमन:</u> कार्यक्रमको अनुगमन देहाय वमोजिम गरिने छ ।

(क) संचालित कार्यक्रमहरुको केन्द्रीयस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, निर्देशनालयबाट गरिनेछ ।

सचिव

[१](ख) संचालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले गरिनेछ । अनुगमनको लागि जिल्लागत अनुदान रकमको बढीमा १ प्रतिशतसम्म उपलब्ध गराईने छ । सोको बिल भरपाई पेश गरी भुक्तानी माग गर्नु पर्ने छ ।

[१](ग) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दरुपयोग गरेको पाईएमा चालु हालतमा भएका कृषि यन्त्र उपकरणहरु फिर्ता लिईने छ र चालु हालतमा भएको नपाइएमा हर्जाना लिई सम्वन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायको सिफारीसमा निर्देशनालयले आवश्यकता अनुसार अन्यत्र उपलब्ध गराउन सक्नेछ ।

१७. <u>कार्यबिधिको परिमार्जन</u> : यस कार्यविधिको संशोधन परिमार्जन कृषि विकास मन्त्रालयले गर्न सक्नेछ ।

१८. <u>प्रचलित कानून लागू हुने</u>: प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

१९. <u>अन्तिम व्याख्या</u>: यस कार्यविधिको कार्यान्वयनमा द्विविधा भएमा निर्देशनालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

२०. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>: यस कार्यविधिमा संलग्न अनुसूचीहरु (आर्थिक विषय बाहेक) कृषि विकास मन्त्रालयले हेरफेर गर्न सक्नेछ ।

२१. <u>खारेजी र बचाउ</u>: (१) कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७० खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका कार्य कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

सचिव

## अनुसूची-१

### आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) आपुर्तिकर्ताको लागि

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

४. पछिल्लो तीन आ.व.को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी (३ बर्ष सम्बन्धीत कामको अनुभव हुनु पर्ने)

५. गत आ.ब.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

६. आधिकारिक एजेन्टको (Authorized Agent) प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

७. कृषि औजार उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets

८. सम्भव भए सम्म बुझिने भाषामा आधिकारीक टेष्ट सर्टिफीकेटको (Test Certificate) प्रमाणित प्रतिलिपी

९. आधिकारीक डिलर, सर्भीस सेन्टर को संस्था दर्ता, PAN/VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपी

१०. अनुसूची ३ को बुँदा १० मा आपुर्तिकर्ताले उल्लेख गरेको एक आ.ब.मा कृषि औजार उपकरणहरु आपुर्ति गर्न सक्ने कुल रकमको २.५% बराबरको बैक ग्यारेन्टी सोही आ.ब.को अषाढ मसान्त सम्मको म्याद भएको वा सो बराबरको रकम निर्देशनालयले तोकेको खातामा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्ने छ ।

[१](ख) कृषक समुह उपभोक्ताको लागि

१. ..................................X

२. मेशिनरी औजार संचालन तथा मर्मत सम्वन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि

३. ..................................X

३.१ .......................... X

३.२ ...........................X

४. ..................................X

५. ..................................X

६. ..................................X

[+१]७. समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपी

सचिव

[+1]८.समुहको PAN प्रमाण पत्रको प्रतिलिपी

[+1]९. समुहको निर्णय प्रतिलिपी

[+1]१०. समुहले अनुदान प्रकियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

[+1]११. अधिकार प्राप्त पदाधिकारिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासपोंट साइजको)

(ग) **कृषि सहकारी/ नीजि फर्म/ कृषि उद्यमी उपभोक्ताको लागि**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी

४. गत आ.ब. को कर चुक्ता प्रमाण पत्र

५. संस्थाको निर्णय प्रतिलिपी

६. संस्थाले अनुदान प्रकियाको लागी जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासपोर्ट साइजको)

[-1]८. ................................x

[-1]८.१...........................x

[-1]८.२ ........................x

[-1]९. ................................x

[-1]१०. ................................x

---

[+1] पहिलो संशोधनद्वारा थप गरिएको ।

[-1] पहिलो संशोधनद्वारा हटाईएको ।



सचिव

अनुसूची-२

अनुदानमा बितरण गरिने कृषि औजार उपकरणहरु

क. खाद्यान्न बाली, तरकारी, फलफूल वालीको लागि

| सि. नं | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | | क्षमता (hp)/आदि | अनुदान रकम (प्र.श.मा) | कैफियत |
|---|---|---|---|---|---|
| -१.१ | | | | | ..........................x |
| -१.२ | | | | | ..........................x |
| ३ | चार पांग्रे ट्र्याक्टरका एट्याचमेन्टहरु | | | | चार पांग्रे ट्र्याक्टरको एट्याचमेन्टहरु अनुदानमा लिनको लागि उपभोक्ताको नाममा ट्र्याक्टरको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) अनिवार्य पेश गर्नुपर्ने । |
| | ३.१ | कल्टिभेटर | | ५० | |
| | ३.२ | डिस्क प्लाव | | ५० | |
| | ३.३ | डिस्क हैरो | | ५० | |
| | ३.४ | एम.बि. प्लाव | | ५० | |
| | ३.५ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ५० | |
| | ३.६ | एस वा सी टाईप रोटाभेटर | | ५० | |
| | ३.७ | लेभलर | | ५० | |
| | ३.८ | सिड कम फर्टिलाईजर डिल | | ५० | |
| | ३.९ | सिड ड्रिल | | ५० | |
| | ३.१० | सिड प्लान्टर | | ५० | |
| | ३.११ | जिरो टिल सिड ड्रिल | | ५० | |
| | ३.१२ | रिजर/वण्ड फर्मर | | ५० | |
| | ३.१३ | मेज प्लान्टर | | ५० | |
| | ३.१४ | पोटेटो प्लान्टर | | ५० | |
| | ३.१५ | पोटेटो डिगर | | ५० | |
| | ३.१६ | रिपर मेशिन | | ५० | |
| | ३.१७ | मल्टी क्रप थ्रेशर | | ५० | |
| | ३.१८ | धान थ्रेशर | | ५० | |
| | ३.१९ | गंहु थ्रेशर | | ५० | |
| | ३.२० | मेज सेलर | | ५० | |
| | ३.२१ | मेज डिहस्कर | | ५० | |
| | ३.२२ | पावर स्प्रेयर/बुम स्प्रेयर | | ५० | |

सचिव

| सि. नं | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | | क्षमता (HP) आदि | अनुदान रकम (प्र.श.मा) | कैफियत |
|---|---|---|---|---|---|
| | ३.२३ | फर्टीलाईजर ब्रोडकास्टर/स्प्रेडर | | ५० | |
| | ३.२४ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ५० | |
| ४ | **पावर टिलर विथ कल्टीभेटर** | | अधिकतम २० एच.पी. सम्म मात्र | ५० | |
| ५ | **पावर टिलरका एट्याचमेन्टहरु** | | | | |
| | ५.१ | एन्टी स्किड ह्वील | | ५० | |
| | ५.२ | एन्टी स्किड ह्वील किनेकटर /हब किनेकटर | | ५० | |
| | ५.३ | डिस्क प्लाव | | ५० | |
| | ५.४ | डिस्क हैरो | | ५० | |
| | ५.५ | रिजर/वण्ड फर्मर | | ५० | |
| | ५.६ | सिड कम फर्टिलाईजर ड्रिल | | ५० | |
| | ५.७ | सिड ड्रिल | | ५० | |
| | ५.८ | पोटेटो प्लान्टर | | ५० | |
| | ५.९ | पोटेटो डिगर | | ५० | |
| | ५.१० | रिपर | | ५० | |
| | ५.११ | थ्रेसर | | ५० | |
| | ५.१२ | मल्टी क्रप थ्रेसर | | ५० | |
| | ५.१३ | पावर स्प्रेयर | | ५० | |
| | | | | | |
| | ५.१५ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ५० | |
| ६ | | **मिनि टिलर** | अधिकतम ९ एच.पी. सम्म मात्र | ५० | |
| ७ | | **मिनि टिलरका एट्याचमेन्टहरु** | | | |
| | ७.१ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ५० | |
| | ७.२ | सिड ड्रील | | ५० | |



सचिव

| सि. नं | कृषि मेशिनरी, औजार उपकरणहरुको नाम | | क्षमता (hp)/आदि | अनुदान रकम (प्र.श.मा) | कैफियत |
|---|---|---|---|---|---|
| | ७.३ | रिजर | | ५० | |
| | ७.४ | एन्टी-याप ब्लेड | | ५० | |
| | ७.५ | डिप टिलिङ्ग ब्लेड | | ५० | |
| | ७.६ | पोटेटो प्लान्टर | | ५० | |
| | ७.७ | पोटेटो डिगर | | ५० | |
| | ७.८ | रिपर | | ५० | |
| | ७.९ | थ्रेशर | | ५० | |
| | ७.१० | पावर स्प्रेयर | | ५० | |
| | ७.११ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ५० | |
| ८ | स्वचालित उपकरणहरु | | | | |
| | ८.१ | राईस ट्रान्सप्लान्टर (म्यानूयल) | | ५० | |
| | ८.२ | राईस ट्रान्सप्लान्टर (वाक विहान्ड) | | ५० | |
| | ८.३ | राईस ट्रान्सप्लान्टर (राईडिङ्ग टाईप) | | ५० | |
| | ८.४ | सिडलिङ्ग मेशिन | | ५० | |
| | ८.५ | रिपर | | ५० | |
| | ८.६ | रिपर बाईनडर | | ५० | |
| | ८.७ | मल्टी क्रप थ्रेसर | | ५० | |
| | ८.८ | थ्रेसर | | ५० | |
| | ८.९ | पैडल थ्रेसर इलेक्ट्रिकल/म्यानूयल | | ५० | |
| | ८.१० | मेज सेलर | | ५० | |
| | ८.११ | मेज डिहस्कर | | ५० | |
| | ८.१२ | पावर स्प्रेयर | | ५० | |
| | ८.१३ | ब्रस कटर | | ५० | |
| | ८.१४ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ५० | |

**नोटः माथि उल्लेखित कृषि मेशिनरी औजार उपकरण सेटमा माग गर्दा एकै प्रकारको दोहोरो माग गर्न पाईने छैन।**

सचिव

अनुसूची-३

# Application for Firm Selection

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

1. Firm Name:-..........................................................................................................................
2. Head Office Address:-...........................................................................................................

   Telephone.......................................... Fax:-...................................................................

   Email.................................................................................................................................
3. Responsible Person..................................................................................................................

   Position..............................................................................................................................

   Telephone............................ Mobile ...............................Fax:...................................

   Email:.............................................................................................................................
4. Firm Registration No...................................... Registered Office...............................................

   Date.................................................................................................................................
5. PAN/VAT Registration No............................... Date.............................................................
6. Business Type/Purpose:................................................................................................................
7. Financial Situation of Last Three Years. (Attach Audited Report of three years)
   Information from Balance Sheet

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Assets | | | |
| Total Liabilities | | | |
| Net Worth | | | |
| Current Assets | | | |
| Current Liabilities | | | |

Information from Income Statement

| Fiscal Year | 1 | 2 | 3 |
|---|---|---|---|
| Total Revenues | | | |
| Profit Before Tax | | | |



सचिव

| | | |
|---|---|---|
| Profit After Tax | | |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

Financial Resources (Add if required)

| No. | Source of Financing | Amount |
|---|---|---|
| 1 | | |
| 2 | | |

Note- The letter from the bank must be unconditional

8. Human Resource Capability

| S.N. | Name | Position | Qualification (Must submit Certificate copy)* | Experinece (Year) |
|---|---|---|---|---|
| | | Manager | | |
| | | Account/Sales/Marketing | | |
| | | Engineer/Sub Engg/Mechanics | | |

*Attach C.V. & certificate otherwise will not be considered for evaluation

9. Rate and details of the Equipments that the firm can supply as of annex-2 (Attach the relevant catalogs, specification)

Brief Specification of Equipments

| S.N. | Name of the equipments | Brand | Model | Power, HP | Per unit Cost (Including VAT &Tax) | | Free Spare Parts including Tool Box | No. of Free Servicing after sales |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | Rate in figures | Rate in words | | |
| | | | | | | | | |
| | | | | | | | | |

सचिव

10. Availability of Equipments that the firm can supply as of annex-2 ( For one FY)

| S.N. | Name of the equipments | Brand | Model | Available in stock (Nos.) | Quantity that can be supplied in one FY | Rate in figures | Total Amount (NRs)* |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*Please submit deposit voucher or bank guarantee of 2.5% of the Total Amount (NRs.) that the firm can supply in one FY. If not submitted the firm will not be eligiblefor evaluation.

11. Availabilities of Spare Parts (Attach separate sheet if required)

| S.No. | Parts Name | Quantity | Unit Ratein figures | Amount |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

Total Spare Parts available in NRs...................... .......... ........... . (must be quoted for evaluation purpose)

12. Dealer, Branches and Distributers in the country

| S.No. | Name | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

Submit copy of dealership agreement with firm registration, PAN or VAT registration otherwise will not be considered for evaluation

13. Service Centers

| S.No. | Name | District | Types of Service Available (Routing/Regular/Engine Overhaul) | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Submit copy of dealership agreement with firm registration, PAN or VAT registration otherwise will not be considered for evaluation.



सचिव

14. Professional Experience

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

15. Specific Experience (Please submit supporting documents)

I hereby declare that the above submitted informations are true and correct based on relevant documents and our knowledge and we are not ineligible to participate in the expression of interest, has no conflict of interest in the proposed procurement proceedings and has not been punished for the profession or businesses related offence.

Office Stamp

(Signature of Authorized Person)
Name.......................................

Position..........................

सचिव

अनुसूचि–४

अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् कार्यक्रम निर्देशकज्यू,
कृषि इन्जिनियरिङ्ग निर्देशनालय,
हरिहरभवन, ललितपुर ।
मार्फत:
श्री जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकाय,
........................... ।

विषय : सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/हामीलाई **खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन** कार्यमा उपयोग गर्नका लागि **"कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७३ (प्रथम संशोधन, २०७४)"** अनुसार निर्देशनालयको मिति..............................राष्ट्रिय दैनिक र जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा टाँस गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फारममा भरी सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात:

१.

२

३

निबेदक

दस्तखत:

नाम:

संस्थाको नाम:

पद:

संस्थाको छाप

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि इन्जिनियरिङ्ग निर्देशनालय

पासपोर्ट साइजको दुवै कान देखिने फोटो

## [1]सेटमा कृषि यन्त्र उपकरण अनुदानमा लिन उपभोक्ताको प्रारम्भिक छनौटको लागि भर्ने फारम

(क) उपभोक्ताको विवरण:

१. संस्थाको नाम:- ................................................ अधिकार प्राप्त पदाधिकारिको नागरिकता प्र.प.नं......................... र जारी मिति.........................

२. दर्ता नं. ............दर्ता मिति .......................दर्ता निकाय ............................

३. स्थायी ठेगाना :- जिल्ला ............नगर/गा.वि.स. .................वडा नं. .....टोल............

४. हालको ठेगाना: जिल्ला ................नगर/गा.वि.स. ................वडा नं.......टोल .........

४. सम्पर्क : मोवाइल नं..........................फोन नं. .....................इमेल.........................

५. सम्पर्क व्यक्तिको नाम:- .......................पद:.............मोवाइल नं................इमेल...........

+[1]६. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम : ...........................

ठेगाना........................................ खाता नं...............................

+[1]७. उपभोक्ताको PAN No.........................

८. सदस्य संख्या: महिला ..........पुरुष ..........दलित ...........जनजाति ............................

९. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ............................अप्रत्यक्ष..............................

---

+[1] पहिलो संशोधनद्वारा थप ।

सचिव

१०. पाप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण (जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायमा टाँस गरिएको सूचना अनुसार)

| सि.नं. | आपूतिकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर /साइज | मुल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने.......................................बाली र क्षेत्र :

| सि.नं. | जिल्ला | गा.वि.स. |
|---|---|---|
| | | |
| | | |

१२. सेटमा कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रमा संग्लन हुन सहमत छु/छौं ।

माथी पेश गरेको विवरण ठिक साँचो छ, छुठा भएमा कानुनी कार्वाही भएमा राजी छु/छौं । मलाई/हामीलाई त्यस निर्देशनालयवाट व्यवस्था भए वमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

संस्थाको छाप

निवेदकको सही : .........................

मितिः .............................

अनुसूचि ५

जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायले उपभोक्ताबाट छनौट गरेका आपुर्तिकर्तालाई गरिने सिफारीसको ढांचा

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

प. सं.— मिति :...................

श्री ....................................................... (आपुर्तिकर्ताको नाम)

........................ । (ठेगाना)

विषय : सिफारीस गरी पठाइएको ।

श्री ........................................................ले मिति ................................मा दिनु भएको निवेदनमा कारवाही भई छनौट भएको.....................कार्यमा प्रयोग हुने तपसिलका सेटमा कृषि यन्त्र उपकरणहरु "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७३ (प्रथम संशोधन, २०७४)" वमोजिम अनुदानमा कृषि यन्त्र उपकरणहरु उपलब्ध गराई दिनु हुन सिफारीस गर्दछु ।

तपसिल

अनुदानको लागि सिफारीस गरिएका कृषि यन्त्र उपकरणको विवरण :

| सि.नं. | आपूतिकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर /साइज | मुल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संलग्न कागजात :

१.

२

३

सम्वन्धित कार्यालयको प्रमुख वा /

आधिकारिक अधिकृतको

नाम......................................

दस्तखत.................................

पद.......................................

सचिव

[1] अनुसूचि ६

अनुदान रकम भुक्तानी आवेदन फाराम

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

आपूर्तिकर्ताको प्रयोजनको लागि

१. जिल्ला.......................गा.वि.स/न.पा......................वडा.............वस्ने उपभोक्ता श्री......................... छनौट भई माग गरे वमोजिम र श्री जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकाय ...............को च.नं..........मिति.................को सिफारिस पत्रानुसार..................को खरीद/विक्रि मुल्य रु. ......................... पर्नेको अनुदान स्वरुप रु..................अक्षरेपी...........................................को कृषि यन्त्र उपकरण यस आपुर्तिकर्तावाट उपलब्ध गराईएको छ।

संस्थाको छाप

आपुर्तिकर्ताको नाम र ठेगाना :- -------------------------

आधिकारीक व्यक्तिको सही :-----------------------------

आधिकारीक व्यक्तिको नाम :------------------------------

दर्जा :-------------------------------

२. कृषि यन्त्र उपकरण बुझिलिनेको नाम...............................सही :...............................
मिति............................... PAN No: .................................

+[1]३. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम : .................................
ठेगाना.................... खाता नं...........................................

४. सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायबाट अनुदान रकम भूक्तानीको लागी सिफारिस गर्ने प्रमुख वा आधिकारिक अधिकृतको नाम --------------------
सहि----------------

कार्यालयको छाप

कृषि ईन्जिनियरिङ्ग निर्देशनालय प्रयोजनको लागि

५. उपरोक्तानुसार भएको देखिएकोले कृषि यन्त्र उपकरण अनुदान रकम रु. ---------------------------- अक्षरेपी-------------------------------------------उपभोक्ताको नाममा भूक्तानी प्रयोजनार्थ सिफारिस गर्दछु।

सही :-..........................

दर्जा :–

स्वीकृत गर्ने अधिकारी....................

+[1] पहिलो संशोधनद्वारा थप।



सचिव

[+१]अनुसूचि–७

## उपभोक्ताले भुक्तानी माग गर्ने निवेदनको ढांचा ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरवार

मिति :

श्रीमान् कार्यक्रम निर्देशकज्यू,
कृषि इन्जिनियरिङ्ग निर्देशनालय,
हरिहरभवन, ललितपुर ।
मार्फतः
श्री जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायबाट,
……………………… ।

**विषय : सेटमा कृषि यन्त्र उपकरण अनुदानको लागि भुक्तानी पाउँ ।**

मलाई/हामीलाई **सेटमा कृषि यन्त्र उपकरण अनुदानको लागि आवश्यक कागजात सहित** अनुदान घटाई बाँकी रकम आपूर्तिकर्तालाई तिरी सकेको र सो कृषि यन्त्र उपकरण बुझिलिएको हुनाले तपसिल बमोजिमको यस संस्थाको नाममा भएको बैक खातामा अनुदानको भुक्तानीको चेक उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु/छौं ।

तपसिलः

बैकको नाम :…………………………………………

बैकको ठेगाना…………………………………………

संस्थाको खाता नं.……………………………………

निबेदक

दस्तखतः

नामः

संस्थाको नामः

पदः

संस्थाको छाप

---

[+१] पहिलो संशोधनद्वारा थप ।

सचिव

## +1 अनुसूचि ८

### उपभोक्ता र आपूर्तिकर्ता बिचको सम्झौता पत्र

यो सम्झौता मिति २०७४/......का दिन ........................................(यसपछि आपूर्तिकर्ता भनिने) र ........................................ (यसपछि उपभोक्ता भनिने) बीच कृषि यन्त्र, औजार, उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि **"कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७३"** (प्रथम संशोधन, २०७४) बमोजिम छनौट समितिबाट छनौट भएका कृषि यन्त्र, औजार, उपकरणहरुको मोडेल, ब्राण्ड र क्षमतामा मात्र स्वीकृत अनुदान रकम उपभोक्ताले निर्देशनालयबाट प्राप्त भए पश्चात आपूर्तिकर्तालाई भुक्तानी दिने गरी सहमत भई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

**शर्तहरु :-**

१) स्वीकृत "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७३" (प्रथम संशोधन, २०७४) यस सम्झौताको अभिन्न अंग मानिने छ ।

२) प्रस्ताव छनौट समितिको निर्णय अनुसारका कृषि यन्त्र, औजार, उपकरणको ब्राण्ड/मोडल/क्षमता र अनुदान रकम सम्बन्धी निर्णय यो सम्झौताको अभिन्न अंग हुने छ ।

३) आपूर्तिकताले स्वीकृत कार्यविधिको बुँदा नं.१३ अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्ने छ ।

४) उपभोक्ताले स्वीकृत कार्यविधिको बुँदा नं.१४ अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्ने छ ।

५) आपूर्तिकर्ताले आफ्ना तोकिएका बिक्री केन्द्रहरुबाट बिक्री भएका कृषि यन्त्र, औजार, उपकरणको अनुदान रकम उपभोक्तालाई भुक्तानी प्राप्त गर्न तपसिल अनुसारका कागजात निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

(क) अनुसुची-४ अनुसार उपभोक्ताको निवेदन र प्रारम्भिक छनौटको फारम ।

[1](ख) अनुसुची-५ अनुसार सम्बन्धित जिल्ला कृषि विकास कार्यालय/स्थानिय तहको कृषि हेर्ने निकायको आपूर्तिकर्तालाई गरिने सिफारीश पत्र ।

(ग) अनुसूची-६ अनुसार अनुदान रकम भूक्तानी आवेदन फाराम ।

(घ) अनुसूची ७ अनुसार उपभोक्ताले भुक्तानी माग गर्ने निवेदनको ढांचा र अनुसूची ८ अनुसार उपभोक्ता र आपूर्तिकर्ता बिचको सम्झौता पत्र पेश गर्नु पर्ने छ ।

(ङ) उपभोक्ताबाट आफैंले प्रमाणीत गरिएको अनुसूची-१(ख) वा (ग) अनुसारका सम्पूर्ण कागजातहरु ।

(च) उपभोक्ता र निर्देशनालयको नाममा जारी कर बिजक पेश गर्नु पर्ने छ ।

६) माथीको बुँदा नं. ४ मा उल्लेख गरिएका कागजातहरु पूर्ण रुपमा पेश नभएमा निर्देशनालयले उपभोक्ताको नाममा भुक्तानी गर्न बाध्य हुने छैन । भुक्तानी छनौट समितिबाट छनौट भएका आपूर्तिकर्ताबाट लिएको कृषि यन्त्र, औजार, उपकरणमा मात्र उपभोक्तालाई भुक्तानी गरिने छ ।

७) यस सम्झौता बमोजिम खरिद भैसकेपछि निर्देशनालयले कर विजकमा उल्लेखित कुल रकमको १.५ % अग्रीम कर कट्टा गरि बांकी अनुदान रकम उपभोक्ताको नाममा चेक जारी गरिने छ ।

---

+1 पहिलो संशोधनद्वारा थप ।



सचिव

८) प्रस्ताव छनौट समितिले निर्धारण गरिए बमोजिमको ब्राण्ड, मोडेल तथा क्षमता अनुसारको कृषि यन्त्र, औजार, उपकरणहरुमा निर्धारित अनुदान रकम वाहेकको रकम सम्बन्धित उपभोक्ताले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने छ ।

९) उपभोक्ताले समयमा आपूर्तिकर्तालाई अनुदान बापत प्राप्त एको रकम भूक्तानी नदिएमा, आपूर्तीकर्ताले उपलब्ध गराएको यन्त्र औजार, उपकरण फिर्ता लिई यस निर्देशनालयमा जानकारी गराउनु पर्ने छ । सो अवस्थामा निर्देशनालयले प्रचलित कानून बमोजिम असूल उपर गर्न सकिने छ ।

१०) आपूर्तिकर्ताले आपूर्ति गरेका विभिन्न कृषि यन्त्र, औजार, उपकरण चलाउने साधारण ज्ञान, सीप अनुसारको तालिम दिने व्यवस्था गर्नु पर्ने छ ।

११) सम्फौतामा उल्लेख भएको कुराहरु सम्फौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१२) कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही गरी विवाद टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार वा यस निर्देशनालयबाट भएको निर्णय अन्तिम हुनेछ ।

१३) यस कार्यको सम्फौता आजका मिति देखि प्रारम्भ हुने छ ।

१४) उपरोक्तानुसारका बुँदाहरुमा आपूर्तिकर्ता र उपभोक्ता दुवै सहमत भई यो सम्फौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

**उपभोक्ताको तर्फबाट**

हस्ताक्षर : ...........................

नाम/थर : ..............................

पद : ................................

मिति : ...............

साक्षी

हस्ताक्षर : ...........................

नाम : श्री......................

पद : ..............................

संस्थाको नाम : ...........................

**आपूर्तिकर्ताको तर्फबाट**

हस्ताक्षर : ..............................

नाम : .................

पद : ..........

मिति : ...........

साक्षी :

हस्ताक्षर : ...........................

नाम : ........................

पद : ..............................

संस्थाको नाम : ...........................

सचिव

अनुसूचि ९

अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यन्त्र उपकरणमा आपुर्तिकर्ताले सम्पूर्ण प्रिन्ट वा प्लेटको ढाँचा ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

<table>
<tr><td>
नेपाल सरकार<br>
कृषि विकास मन्त्रालय<br>
कृषि विभाग<br>
कृषि ईन्जिनियरिङ्ग निर्देशनालयबाट<br>
अनुदान प्राप्त<br><br>
आ.ब. :-------<br><br>
आपुर्तिकर्ता : -----
</td></tr>
</table>

सचिव